**विषय : आवश्यक व्यवस्था मिलाउने सम्बन्धी सूचना।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम नेपाल सरकारले स्थानीय तहमा सेवा प्रबाह सम्बन्धी व्यवस्था २०७४ को व्यवस्था गरेको र सो व्यवस्थाको दफा १८ मा सम्पत्ति दायित्व  तथा बजेट हस्तान्तरण सम्बन्धी व्यवस्था भई उक्त दफाको १८(७) मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ बमोजिम जिल्ला स्थित कार्यालय वा निकाय र जिल्ला समन्वय समितिको सम्पत्ति दायित्व बजेट तथा कार्यक्रम स्थानीय तहमा हस्तान्तरण गर्दा अपनाउनु पर्ने प्रक्रिया ऱ समय समेत सिफारिस गर्नको लागि देहायको एक उपसमिति रहनेछ भन्ने व्यवस्था रहेकोले सम्बन्धित जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयहरुले सो अनुसार सम्पत्ति, दायित्व बजेट, अभिलेख, कागजात तथा कार्यक्रमहरु व्यवस्थापन गर्ने गराउने व्यवस्था मिलाई सोको एक प्रति विभाग/मन्त्रालयमा पठाउने व्यवस्थाका लागि जानकारी गराइन्छ।

**<u>उपसमितिमा संलग्न:</u>**

(क) जिल्ला समन्वय समितिको प्रमुख, - संयोजक

(ख) सम्पत्ति हस्तान्तरण गर्नु पर्ने कार्यालयको प्रमुख, - सदस्य

(ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, - सदस्य

(घ) अधिकृत प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, - सदस्य

( ङ) जिल्ला समन्वय अधिकारी, - सदस्य सचिव